मिति : २०७७/०७/०४ गते
समय : बिहान ७:३० बजे
स्थान : महांकाल सदन

# भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको ५९ औं बैठकको निर्णयहरु

**निर्णय नं. १ (क)** : यस नगरपालिका अन्तर्गत वडा नं १ सुस्पाक्षमावती वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी श्री गोपी थामीको यहि मिति २०७७ असोज २८ गते विहान असामयिक निधन भएको खबरले स्तब्ध बनाएको छ । दिवंगत आत्माको चिर शान्तिको कामना र शोकस्तब्ध परिवारप्रति समवेदना व्यक्त गर्ने निर्णय गरियो।

**निर्णय नं. १ (ख)** : मृतक गोपी थामीको आर्थिक अवस्था कमजोर रहेको हुदा किरिया खर्च वापत रु ४०,०००/- (चालिस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. २** : यस नगरपालिकाका नगरवासीहरुमा कोरोना भाइरस रोग संक्रमण भई लक्षण देखिएको अवस्थामा निशुल्क पिसिआर परिक्षण गर्ने र पोजेटिभ नतिजा आई लक्षण देखिएका संक्रमितहरुलाई नगरपालिकाको आइसोलेशनमा राखी उपचार गर्दा लाग्ने सम्पूर्ण खर्च भिमेश्वर नगरपालिकाले व्यहोर्ने । यसो गर्दा लाग्ने खर्च भी.न.पा.को विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने निर्णय गरियो।

**निर्णय नं. ३** : नगर विकास कोष (TDF) को अनुदान तथा ऋण सहयोगमा निर्माणाधीन सातदोबाटो बहुउदेशीय भवन (सार्वजनिक शौचालय सहित) को गत चैत्र देखिको बन्दाबन्दीका कारण रोकिएकोमा नेपाल सरकारको निर्णय बमोजिम कार्तिक मसान्तसम्म थप भएकोमा सो भवनका लागि TDF बाट खटाएको कन्सल्टेन्सी (Multi-Consultant) समेत चैत्र मसान्तसम्म म्याद थपको सिफारिस भई आएको हुँदा TDF लाई म्याद थपको लागि अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ४** : भिमेश्वर नगरपालिका वडा नं. ३ स्थित निर्माणाधीन सातदोबाटो बहुउदेशीय भवन (सार्वजनिक शौचालय सहित) सँगै प्रस्तावित **"सातदोवाटो सपिंग कम्प्लेक्स (सिनेमा हल)"** को DPR तयार भई रु १७,११,९६,५७३/९५ (सत्र करोड एघार लाख छयानव्वे हजार पाच सय त्रिहत्तर रुपैया पन्चानव्वे पैसा मात्र) लागत उल्लेख भए अनुसारको ऋण तथा अनुदानका लागि नगर विकास कोष (TDF) सँग अनुरोध गर्ने निर्णय गरियो।